# समग्र

**सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !**

अंक-५२, असार, २०७४


## भित्र


नवनिर्वाचित जनप्रतिनिधिको 'संकल्प सबै दलको साझा भएर काम गर्नेछौं'...................२

वचत परिचालन अभिलेखन तालिम ........................................४

खानेपानी मुहानको संरक्षण....४

त्रैमासिक समीक्षा कार्यशाला...५

आधारभूत लेखा तालिम .........५

साबुनबनाउने तालिम ...............६

ब्युटिसियन तालिम.....................६

नयाँ संविधान सम्बन्धी जानकारी .................................७

उत्कृष्ट किसान बनिन् मुना ..८



सम्पर्कका लागि ठेगाना:
**समग्र विकास सेवा केन्द्र,**
हस्पिटल मार्ग, चाबहिल,
पो.ब. नं. : १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल:
info@samagra-nepal.org.np,
वेभसाइट: www.samagra-nepal.org





# जनप्रतिनिधिसँग अन्तर्क्रिया

लमजुङ : समग्र विकास सेवा केन्द्रको आयोजनामा स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरूलाई स्वागत तथा सरोकारवालाहरूसगँको अन्तर्क्रिया सम्पन्न भएको छ । २०७४ जेठ २३ गते लमजुङको मर्स्याङदी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूसँग सामाजिक परिवारको अन्तर्क्रिया भयो भने काठमाडौंको गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर १, ओखरेनीका नवनिर्वाचित वडा अध्यक्ष र सदस्यसँग जेठ २७ गते अन्तर्क्रिया गरियो ।

लमजुङको कार्यक्रममा मर्स्याङदी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू तथा महिला, दलित तथा खुल्ला सदस्यहरू र सामाजिक परिवारका प्रतिनिधिहरूसमेत गरी ११० जनाको सहभागिता थियो ।

कार्यक्रमको सुरुमा जनप्रतिनिधिहरूलाई समग्र विकास सेवा केन्द्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले फूलमाला लगाई स्वागत गर्दै सफल कार्यकालका लागि शुभकामना दिएका थिए । समग्र विकास सेवा केन्द्रकै कार्यक्रम अधिकृत अमर अधिकारीले स्थानीय तहसम्बन्धी संवैधानिक एवम् अन्य कानुनी व्यवस्था, स्थानीय तहको काम, कर्तव्य र अधिकारका सम्बन्धमा प्रस्तुति गरेका थिए । *(अन्तर्क्रियामा जनप्रतिनिधिले व्यक्त गरेको विचार पृष्ठ २ र ३ मा)*

काठमाडौंको शिवपुरी बागद्वार सामाजिक परिवारका अध्यक्ष कृष्णकुमारी तामाङको अध्यक्षतामा ०७४ जेठ २७ गते गोकर्णेश्वर नगरपालिका वडा नं. १, ओखेनीको ईश्वरी आधारभूत विद्यालयमा सम्पन्न अन्तर्क्रियामा वडा अध्यक्ष राम मानन्धर, वडा सदस्य राजेन्द्रकुमार रोका, सदस्य आइतमान तामाङ, पूर्व उपाध्यक्ष पूर्णबहादुर तामाङ, सुन्दरीजल सोलार र पावर हाइड्रो प्रा..लि.का नारायण गुरागाईंसहित ५५ महिला र २० पुरुष गरी ७५ जना सहभागी आएका थिए ।

*बाँकी पृष्ठ ६ मा*

### नवनिर्वाचित जनप्रतिनिधिको संकल्प :

# ‘सबै दलको साझा भएर काम गर्नेछौँ’

**विकास सेवा केन्द्रको आयोजनामा लमजुङको मर्स्याङ्दी गाउपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूसाग सामाजिक परिवारको अन्तर्क्रिया भयो। २०७४ जेठ २३ गते आयोजित उक्त अन्तर्क्रियामा सामाजिक परिवारका प्रतिनिधिहरूका जिज्ञासालाई सम्बोधन गर्दै स्थानीय तहका जनप्रतिनिधिहरूले व्यक्त गरेका विचारहरू प्रस्तुत गरेका छौं :**

**रुद्रमान गुरुङ (अध्यक्ष, वडा नं. १)**

हामी नयाँ छौँ । यो अन्तर्क्रिया असाध्यै समयसापेक्ष छ। आफ्नो पद र अधिकारले गर्नुपर्ने काम इमान्दारीसाथ गर्नेछु। मलाई स्थानीय विकास कोषको सहजकर्ता भएर काम गरेको अनुभव छ। त्यो अनुभवलाई व्यवहारमा उतार्ने प्रयास गर्नेछु।

**कृष्ण बि.क. (सदस्य, वडा नं. २)**

गाउँमा आफन्तको मृत्यु भएकाले वडा अध्यक्ष आउन पाउनु भएन । उहाँको सन्देशसहित म आएको छु। समग्र विकास सेवा केन्द्रले सामाजिक परिवारका माध्यमबाट मानवअधिकारको क्षेत्रमा राम्रो कार्य गरेको छ । क्षमताहरूको उजागर गरेको छ।

सामाजिक परिवारका सदस्यहरूको क्षमता बढाएको छ। तपाईंहरूले सल्लाह सुझाव दिनुहोला, जनप्रतिनिधिहरूलाई खबरदारी गरिरहनुहोला । सामाजिक परिवार नामै काफी छ, सबै मिलेर मर्स्याङदी गाउँपालिका समृद्ध हुनेछ। सिक्दै, अध्ययन गर्दै आफ्नो कर्तव्य पुरा गर्दै जानेछौं।

**प्रेम बस्नेत (अध्यक्ष वडा नं. ३)**

समग्र विकास सेवा केन्द्रबारे धेरै जानकारी त छैन तर कार्यक्रम विस्तारको माध्यमबाट जनचेतना अभिवृद्धि र मानवअधिकारको क्षेत्रमा काम गर्दै आइरहेको जानकारी पाएँ। निर्वाचनमा जाँदा हामीले घोषणापत्र पनि बनाएका छौं । त्यसलाई कार्यान्वयन गर्दै जानेछौं। गरिबी न्यूनीकरणका लागि विशेष पहल गर्नेछौं।

**युवा घले (अध्यक्ष, वडा नं. ७)**

महत्वपूर्ण कार्यक्रममा सहभागी हुन पाएकोमा असाध्यै खुशी छु । १९/२० वर्षपछि जनप्रतिनिधिहरू चुनिएका छौं । जनताको अपेक्षा धेरै छ। मलाई समग्र विकास सेवा केन्द्रबारे धेरै जानकारी छैन, भावी योजनामा सहभागी हुने मौका दिनुहोला। समग्र विकास सेवा केन्द्रसँग मिलेर काम गर्न उत्साहित छु।

**हीरादेवी घले (अध्यक्ष, वडा नं. ८)**

नवनिर्वाचित प्रतिनिधिहरूलाई बधाई कार्यक्रम राख्नुभएकोमा समग्र विकास सेवा केन्द्रलाई धेरै-धेरै धन्यवाद! विगतमा समग्रले धेरै राम्रो काम गरेको देखेको छु। विशेष गरी महिला सशक्तीकरणमा योगदान पुऱ्याएको छ। सामाजिक परिवार र स्थानीय तहका जनप्रतिनिधिहरू मिलेर काम गर्न सकिएमा धेरै कार्य हुनेछ। महिला भएको नाताले महिलाहरूको समस्याबारे धेरै जानकार छु । मेरो जिम्मेवारीबमोजिम वडाको विकासमा लाग्नेछु। म सबै दलको साझा व्यक्ति भएर काम गर्नेछु । समग्र विकास सेवा केन्द्रलाई हाम्रो ठाउँमा काम गर्न स्वागत छ। हामी नङ र मासु जस्तो मिलेर काम गर्नुपर्छ।

**नारायणबहादुर थापा (अध्यक्ष, वडा नं.९)**

विजयी उम्मेदवारहरूलाई बधाई एवं प्रशिक्षण कार्यक्रम आयोजना गर्नुभएकोमा समग्र विकास सेवा केन्द्रलाई धन्यवाद । हाम्रो वडाभित्र ‘एक घर एक धारा’ लागू गर्नेछु। पक्की सडक निर्माण र मर्स्याङ्दी गाउँपालिकाको आम्दानी बढाउन पर्यटन क्षेत्रमा संभावनाको खोजी गरिने छ । स्थानीय स्रोतसाधनको उपयोग गरिनेछ। जनताले दिएको भोटको सम्मान गर्नेछौं।



महिलाको सशक्तीकरणमा समग्र विकास सेवा केन्द्रले महत्वपूर्ण काम गरेको छ ।

**दयासागर घिमिरे (प्रतिनिधि, नेकपा माओवादी केन्द्र)**

हामीले १९-२० वर्षपछि निर्वाचित प्रतिनिधिहरूलाई पाएका छौँ, जनतालाई पनि कौतुहल छ। सडक, खानेपानी, सिँचाई, शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा विकासका पूर्वाधार बढाउनुपर्नेछ। यसो भएमा जनताले विकासको अनुभूत गर्न पाउँछन्। खाडी क्षेत्रका देशहरूमा गुम्सेर काम गरिरहेका दाजुभाइहरूलाई गाउँमै रोजगारी सिर्जना गर्ने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।
'माओवादी केन्द्रको उपहार, गाउँ-नगरमा सिंहदरबार' भन्ने नारालाई पूरा गर्ने कार्य गर्नूस्। जनताले गाउँमै सिंहदरबारको अधिकार आइपुगेको कुरा अनुभूति गर्न पाओस्, हरेक कुरामा परिवर्तन आओस् । राम्रो गरेकोमा समग्र विकास सेवा केन्द्रलाई धन्यवाद !

**धर्मराज लम्साल (कार्यकारी अधिकृत, मर्स्याङ्दी गाउँपालिका)**

यो कार्यक्रम आयोजना गर्नुभएकोमा समग्र विकास सेवा केन्द्रलाई आभार व्यक्त गर्दछु। समग्र विकास सेवा केन्द्रले गर्ने गाउँ पालिकाभित्र सञ्चालन गर्ने कार्यहरूबारे पनि जानकारी दिनुभएको भए अझ राम्रो हुन्थ्यो। अब मर्स्याङ्दी गाउँपालिकाले योजना तर्जुमा गर्न लागिरहेको छ। त्यसैले समग्रले गर्ने कार्यको बारेमा जानकारी गराउनुहोला ।

**होमबहादुर बि.क. (उपाध्यक्ष, मर्स्याङ्दी गाउँपालिका)**

अहिले हामी निर्वाचित जनप्रतिनिधि नै अन्यौलमा रहेको अवस्थामा यो कार्यक्रम झन् महत्वपूर्ण छ । पुस्तौंदेखि एकात्मक शासन-व्यवस्थामा अभ्यस्त हामी संघीय शासन व्यवस्थामा आइपुगेका छौं । संघ, प्रदेश र स्थानीय तह गरी सरकारलाई तीन तहमा बाँडेका छौ । संविधान सबैले जान्नु जरुरी छ । राजनीतिलाई पेशा बनाइयो, राष्ट्रभन्दा व्यक्ति हाबी भयो । परिवर्तनको अनुभूति जनताले गर्न पाएनन् ।
अब एकताबिना विकास हुँदैन भन्ने अनुभूति भएको छ । विविध संरचना भएको हाम्रो मुलुकमा सबैको हित नभई विकास हुन सक्दैन । गाउँमा मोटरबाटो पुग्यो तर गाडी चढ्नसक्ने आम्दानी स्थानीयबासीसँग भएन भने विकासको महत्व रहँदैन । त्यसैले विकाससँग स्थानीयको स्वार्थ जोडिएको छ। जब स्वार्थ जोडिँदैन तब चासो पनि कम हुन्छ ।
हामीलाई गाउँपालिकालाई समृद्ध बनाउने आसमा भोट हालेका हुन् । जागिर लगाइदेला, घरमा चामल पुऱ्याइदेला भनेर कसैले भोट हालेका होइनन्। तपाईंहरूको स्वार्थलाई हामी स्रोत र साधनले भ्याएसम्म पूरा गर्न लाग्ने छौं । हामी जनताका सेवक हौं । राज्यले दिएको स्रोतलाई उपयोग गर्नेछौं ।
राजनीति पेशाा होइन, सेवा हो । तपाईंहरूले नियतवश गरेको त्रुटी र मानवसुलभ कमजोरी छुट्याएर सहयोग गर्नुपर्दछ। हामी जुन दलबाट चुनाव लडेर जितेको भए पनि अब जनताका साझा हौं । पराजित उम्मेदवारहरूसँग पनि सहकार्य गर्नेछौं । मेरो विशेष भूमिका सामाजिक न्यायको लागि हुनेछ ।
राधिकाजी हिम्चुली सामाजिक परिवाको अध्यक्षले आफ्नो उम्मेदवारी फिर्ता लिएर मलाई सहयोग गर्नुभयो । म पुरुषवादी चिन्तनलाई परिवर्तन गर्न लागिरहेको छु । घरमा महिलाले गर्ने कार्य नभनी सबै काम गर्ने प्रयास गरेको छु। श्रमको उचित मूल्य हुनुपर्दछ ।
न्याय समितिमा आउने स्थानीय मुद्दाहरू भनेका घरायसी लेनदेन, विभेद आदि हुन्, त्यसलाई मेलमिलाप गराउन प्रयत्न गर्नेछु । सरकारले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्र भनेको 'म होइन, हामी भन' भनेको हो ।
राज्य कमजोर तर व्यक्ति धनी हुँदा हामी गरिब भयौं । राजनीतिलाई राज्यको माउनीति मानिन्छ। जनताले तिरेको कर दुरुपयोग गऱ्यो भने त्यसलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा हाल्छु भनेको छु ।
देश समृद्ध भयो भने हामी स्वतः समृद्ध हुनेछौं । २७ वर्षको कामीको छोराले उपाध्यक्ष जितेको छ । म कुनै लोभलालचमा फस्ने छैन भन्ने प्रतिबद्धता जाहेर गर्दछु। राम्रोलाई राम्रो र खराबलाई खराब भन्नुपऱ्यो । सबैलाई न्याय हुने कार्य गर्नेछौं ।

**अर्जुन गुरुङ (अध्यक्ष, मर्स्याङ्दी गाउँपालिका)**

समग्र विकास सेवा केन्द्रले आयोजना गरेको यो कार्यक्रमले हामीलाई ऋणी बनाएको छ । समग्र विकास सेवा केन्द्रमा २०५१ सालताका करिब एक वर्ष काम गर्ने अवसर पाएको थिएँ। यो संस्थाले लामो समयदेखि मानवीय तथा भौतिक विकासको क्षेत्रमा काम गर्दै आएको छ। यस्ता संस्थाले द्रुत गतिमा काम गर्न जरुरी छ । मर्स्याङ्दी गाउँपालिकामासमग्र विकास सेवा केन्द्रले गर्ने कार्यमा हाम्रो/मेरो सहयोग हुनेछ ।
हाम्रो अभियान समृद्धिको अभियान हुनेछ। समृद्धिको अभियानमा समग्र विकास सेवा केन्द्र पनि अगाडि बढ्नुपर्नेछ । राज्यबाट उपलब्ध हुने स्रोत, साधन र सुविधामा कुनै पनि कमी हुने छैन। यसमा कुनै सम्झौता हुने छैन । म सामाजिक परिवारका साथीहरूलाई समृद्धिको अभियानमा लाग्न सुझाव दिन्छु। परिवार समृद्ध, समाज समृद्ध भएपछि देश समृद्ध हुनेछ। स्रोत, साधनको दृष्टिले यो गाउँपालिका धनी पनि छ । त्यसलाई धेरै सदुपयोग गर्न लागिपर्नेछौं । समय व्यवस्थापन महत्वपूर्ण छ । कामकारबाही व्यवस्थित गर्न जरुरी छ ।

**डोरनाथ न्यौपाने (कार्यकारी निर्देशक, समग्र विकास सेवा केन्द्र)**

जनप्रतिनिधिहरूको मन्तव्यपछि समग्र विकास सेवा केन्द्रका कार्यकारी दिर्नेशक डोरनाथ न्यौपानेले सबैलाई धन्यवाद ज्ञापन गर्दै भने, 'युवा जनशक्तिहरू जोशका साथ निर्वाचित भएर आउनुभएकोले स्थानीय तहबाट प्रवाह हुने सेवासुविधा छिटोछरितो र न्याययुक्त हुन सकोस् । यहाँका कसैले पनि दुख पाउनुहुदैन ।'
कार्यक्रमलाई समापन गर्दै शम्शेरबहादुर सुयालले सामाजिक परिवारले धेरै राम्रो काम गर्दै आइरहेकोले यसको विकासमा गाउँपालिकाले ध्यान दिनुपर्ने बताए। शेरा सामाजिक परिवारका अध्यक्ष सुयालको अध्यक्षतामा भएको कार्यक्रममा समग्र विकास सेवा केन्द्रका वरिष्ठ उत्प्रेरक मीरा भण्डारीले सबैलाई स्वागत गरेकी थिइन्। कार्यक्रमको सञ्चालन समग्र विकास सेवा केन्द्रका रुद्रनाथ कोइरालाले सञ्चालन गरेका थिए ।

# वचत परिचालन अभिलेखन तालिम



सुनसरी : वचत परिचालनको अभिलेखन विषयक एकदिने तालिम ०७४ वैशाख १५ गते सुनसरीको कोशी गाउँपालिका वार्ड नं.-२ स्थित बुलबुल प्रा.वि.को हलमा सम्पन्न भयो ।

शान्ति स्थापना तथा प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसहरूको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्दै आइरहेको समग्र विकास सेवा केन्द्रको इनरुवास्थित सुनसरी जिल्ला सम्पर्क कार्यालयको आयोजनामा उक्त तालिम आयोजना गरिएको थियो । '२९ दिन घरपरिवारलाई, एक दिन सामाजिक परिवारलाई' भन्ने मूल नारालाई आत्मसात गरी दलित, उपेक्षित वर्ग, गरिब, आवाजबिहीन, अधिकारबाट बञ्चित र स्रोत-साधनमा पहुँच नभएका व्यक्तिहरूको संगठन सामाजिक परिवारको सदस्यहरूका लागि तालिम सञ्चालन गरिएको थियो ।

२० महिला र पाँच पुरुष गरी जम्मा २५ जना सहभागी रहेको तालिममा एक जना मधेशी, आठ जना पिछडावर्ग, सात जना जनजाति र नौ जना दलित समुदायका व्यक्ति सहभागी थिए । जसमा कार्तिक महिला सामाजिक परिवारका पाँच जना, धानुक मण्डल सामाजिक परिवारका तीन जना, हंश सामाजिक परिवारका सात जना, शान्ति सामाजिक परिवारका चार जना, श्री रामजानकी र जय माँकाली सामाजिक परिवारका तीन/तीन जना सदस्यहरूको सहभागिता थियो ।

सामाजिक परिवारहरूमा वचत संकलन, ऋण लगानी र असुली भइरहेको हुँदा उक्त आर्थिक कारोवारलाई व्यवस्थित गर्न, सही र सरल तरिकाले हिसाबकिताब राख्न सिकाउन तालिम सञ्चालन गराइएको थियो । तालिमका सहभागी श्री रामजानकी सामाजिक परिवाराका अध्यक्ष श्री लक्ष्मीप्रसाद साहले उत्साहित हुँदै भने, 'यस तालिमले हामीहरूलाई वचत संकलन, ऋण लगानी र असुलीको हिसाबकिताब कसरी गर्ने र त्यसको अभिलेख व्यवस्थित तरिकाले कसरी राख्ने भन्ने कुरा सिक्यौं । 'समग्र विकास सेवा केन्द्र सुनसरीका जिल्ला संयोजक अनन्तराम गिरी र सह-उत्प्रेरक ललित मण्डलले प्रशिक्षण दिएका थिए ।

# खानेपानी मुहानको संरक्षण



उदयपुर : उदयपुरको जोगीदह कुन्तीमाई आमा समूह र महिला सामाजिक परिवारकी सहउत्प्रेरक धनकुमारी चौधरी गाउँपरिषद्मा भाग लिन पुगिन् । त्यहाँ थाहा पाइन्- वातावरणमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गतको बजेट आफ्नो गाउँमा रहेको जरुवा (भमरी) संरक्षणमा लगाउन उपयुक्त हुन्छ ।

धनकुमारीले त्यतिबेलै मनमनै अठोट गरिन्- यो बजेट जसरी भए पनि जरुवा संरक्षणमा पार्छु । उनले यो कुरा गाविस सचिवसँग राखिन् । 'जरुवा संरक्षण गर्दा तीन वटा सामाजिक परिवारमा आबद्ध ५४ परिवार तथा रामजानकी वन उपभोक्ता समितिमा रहेका करिव तीन सय घरपरिवारलाई फाइदा हुनेमा गाविस सचिवलाई मनाइन् ।

कुरो सुनेपछि गाविस सचिव पनि सहमत भए । यसबाट धनकुमारी उत्साहित भइन् । सामाजिक परिवारको बैठक डाकिन् । सबैको सहमतिमा योजना बनाइन् ।

सामाजिक परिवारका अध्यक्ष, सचिव र कोषाध्यक्षसमेतलाई लिएर गाविसमा पेश गरिन् । गाविसबाट २ लाख ५२ हजार रूपैयाँ बजेट स्वीकृत र निकासा भयो । सबै महिला सदस्य रहेको सामाजिक परिवारको सदस्य र केही सक्रिय पुरुषहरूसमेतलाई समेटभमरी संरक्षण उपभोक्ता समिति गठन गरियो । उपभोक्ता समितिका सदस्यहरूले निर्माण सामग्री खरीद गरे । सिमेण्ट, वालुवा, रड आदि पारदर्शी रूपमा खरीद गरे । स्थानीयको श्रमदानसहित मुहानको वरिपरि पक्का पर्खाल उठाइयो । पानीको मुहानलाई व्यवस्थित गरियो । मुहान व्यवस्थित गर्नेक्रममा सबै जातजातिहरू (एक घर मुस्लिम, दुई घर बाहुन र बाँकी चौधरी) गरी ५४ घरधुरीका सदस्यहरू उत्साहित भए । सो क्षेत्रलाई धार्मिक योजना बनाइयो । हरेक नयाँ वर्षको दिन मेला आयोजना गर्ने निर्णय पनि भयो ।

२०७३ चैत्रमा बजेट निकासा भयो । निर्माण र संरक्षण गर्ने कार्य सम्पन्न गरियो । अनि २०७४ वैशाख १ गते मेला पनि लाग्यो । पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने योजना बनाइयो । हरेक नयाँ वर्षको दिन मेला आयोजना गर्ने निर्णय पनि भयो ।

२०७३ चैत्रमा बजेट निकासा भयो । निर्माण र संरक्षण गर्ने कार्य सम्पन्न गरियो । अनि २०७४ वैशाख १ गते मेला पनि लाग्यो ।

# त्रैमासिक समीक्षा कार्यशाला



काठमाडौं : समग्र विकास सेवा केन्द्रका कार्यकर्ताहरूसँग कार्यसम्पादनका कमीकमजोरीलाई सुधार गर्ने र आगामी त्रैमासिक कार्ययोजना तय गर्ने मुख्य उद्देश्यका साथ त्रैमासिक समीक्षा कार्यशाला सम्पन्न भयो । बनेपाको उग्रचण्डी होटलमा चैत्र २८ देखि ३१ गतेसम्म आयोजित उक्त कार्यक्रममा सिरहा, सप्तरी, उदयपुर, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, गोरखा, धादिङ, लमजुङ र काठमाडौंमा कार्यरत जिल्ला संयोजक वरिष्ठ उत्प्रेरक, लेखापाल, क्षेत्रीय संयोजक तथा अधिकृतहरू गरी २६ जना सहभागी थिए ।

त्रैमासिक कार्यको समीक्षा गर्ने, कार्यक्षेत्रमा देखिएका राम्रा प्रभावहरूलाई अझै विस्तार गर्दै लाने उद्देश्य उक्त कार्यशालाको थियो । उक्त कार्यक्रममा पुस, माघ र फागुन ३ महिनाभित्र कार्यक्षेत्रका जिल्लाहरूमा भए गरेका क्रियाकलापहरूको लक्ष्यअनुसार कति प्रगति भयो भन्नेबारे छलफल भएको थियो। कार्यशालामा संयोजकहरूले जिल्लागत रूपमा टिप्पणी गर्दै पूरा हुन नसकेका क्रियाकलापहरूबारे कारणसमेत प्रस्तुत गर्दै तिनको निराकरणबारे छलफल गरेका थिए। त्यसपछि समग्र विकास सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलले क्रियाकलापको प्रभावकारिता र नतिजाबारे सहभागीहरूबीच छलफल चलाएका थिए । सहभागीहरूबीच क्रियाकलापहरूको सञ्चालन र प्रतिवेदन तयारीमा देखिएका अस्पष्टताबारे पनि छलफल भएको थियो ।

नयाँ स्थानीय संरचना र समग्र विकास सेवा केन्द्रको कार्यक्षेत्रबारे पनि छलफल गरियो । सहभागीबीच नयाँ संरचनाअनुसार समन्वय तथा सहकार्यको भूमिका स्थापित गर्न भेट्घाट तथा कार्यक्रम पेश गर्ने सहमति भयो । त्यसैगरी मासिक प्रतिवेदनलाई सरल र प्रभावकारी बनाउने सम्बन्धमा पनि छलफल गरिएको थियो ।

समग्र विकास सेवा केन्द्रका आर्थिक व्यवस्थापक भुवनेश्वर सिंहले आर्थिक व्यवस्थापनका विषयमा लेखापरीक्षकको प्रतिक्रिया र सुधारात्मक विषयमा सहजीकरण गरेका थिए । उनले आर्थिक सुधारका निम्न नौ वटा बुँदाहरू प्रस्तुत गरी छलफल गराएका थिए- १. माइन्युट तथा बिलभर्पाइमा केरमेट गर्न नहुने, २. संस्थाको आर्थिक नियमावली अनुसार खर्च गर्नुपर्ने, ३. योजनाअनुसार समयमा नै पेश्की माग गरी समयभित्रै क्रियाकलाप सम्पन्न गर्ने, ४. बिलभर्पाइ तथा लेखा प्रणाली चुस्त र दुरुस्त बनाउने, ५. कार्यक्रमको उपस्थिति र खर्चबीच तालमेल मिलाउने साथै कार्यक्रम तोकिएको उद्देश्य र ढाँचा अनुसार सञ्चालन गर्नुपर्ने र माइन्युटमा सो खुलाउनुपर्ने, ६. कार्यक्रम सम्पन्न प्रतिवेदन पूरा भर्नुपर्ने, ७. भ्रमणभत्ता माग गर्दा प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने । गाडी भाडा माग गर्दा सरकारी मापदण्ड अनुसार गर्नुपर्ने, ८. लेखाले उपलब्ध गराएको बाहृबुँदे लेखाव्यवस्थापनमा ध्यानदिनुपर्ने कुराहरूमा थप अध्ययन गरी कार्यान्यनमा ध्यान दिनुपर्ने, ९. सबै कर्मचारीहरूले अनिवार्य रूपमा स्थायी लेखा नम्बर (प्यान) लिनुपर्ने र यसको प्रतिलिपि केन्द्रीय कार्यालयमा पठाउनुपर्ने आदि ।

## आधारभूत लेखा तालिम

धादिङ : समग्र विकास सेवा केन्द्रको संयोजन तथा गरिबी निवारण कोषको सहयोगमा सञ्चालन भएका सामुदायिक संस्था तथा सामाजिक परिवारका सदस्यहरूलाई तीनदिने आधारभूत लेखा व्यवस्थापन तालिम हालको बेनीघाट रोरांग गाउँपालिका वडा नं. ९ मझिनटार (साबिकको जोगीमारा गाविस गाविस भवन) मा सम्पन्न भयो ।

२०७४ जेठ २३ गतेदेखि जेठ २५ गतेसम्म आयोजित उक्त तालिममा जोगिमारा गाविसमा गठन भएका २० वटा सामुदायिक संस्थाका २२ जना सहभागी थिए ।



समग्र विकास सेवा केन्द्रका तालिम संयोजक रामहरि धिताल र धादिङका जिल्ला संयोजक ईश्वर कँडेलले तालिमको सहजीकरण गरेका थिए ।

तालिममा सहभागी सामुदायिक संस्था तथा सामाजिक परिवारका सदस्यहरूले आधारभूत लेखासम्बन्धी तालिमले आगामी दिनमा समूह सञ्चालन गर्न सजिलो हुने बताएका थिए ।

कार्यक्रममा सामाजिक परिवारको स्तरीकरण तथा हस्तान्तरणका लागि फाराम प्रयोग गरी त्यसको आधारमा हस्तान्तरण गर्दै जानेबारे मतैक्यता भएको थियो। विषयवस्तु वा समस्या गर्ने योजना र सम्पन्न गर्ने मिति र जिम्मेवार व्यक्ति तोकियो । कार्यशालालाई समग्रका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेल, कार्यक्रम अधिकृत अमरसिंह अधिकारी, आर्थिक व्यवस्थापक भुवनेश्वर सिंह र मूल्याङ्कन तथा डकुमेण्टेशन अधिकृत अपेक्षा भुसालले सहजीकरण गरेका थिए ।

# साबुन बनाउने तालिम

काठमाडौं : नागरिक सचेतना केन्द्र संयोजक अन्नपूर्णेश्वरी श्रेष्ठ र सामाजिक परिचालक जमूना महर्जनको पहलमा दैनिक जीवन स्वस्थ र सफा राख्न साबुन बनाउने तालिम एकहप्ते तालिम सम्पन्न भयो ।  महिलाहरूको क्षमता तथा सीप अभिवृद्धि गरी आफ्नै सीपले आयआर्जन गरी सशक्त होऊ भन्ने उद्देश्यले कामपा वडा-२७, महाबौद्धको नागरिक सचेतना केन्द्र उक्त तालिम आयोजना गरिएको हो ।

०७४ असार १५ गतेदेखि २२ गतेसम्म आयोजित उक्त तालिम प्रशिक्षक भीमसेनप्रसाद श्रेष्ठले दिनुभएको थियो । तालिमका लागि आवश्यक बजेट काठमाडौं महानगरपालिकाले व्यवस्थापन गरेको थियो । तालिममा सचेतना केन्द्र र स्थानीय स्तरका गरी २९ महिलाहरू र एक जना पुरुषको समेत सहभागी थिए ।

'स्थानीय चुनावका कारण सरसामान जुटाउन नसकेकोले यो तालिम ढिलो भयो । सुरुमा त हामीलाई प्रशिक्षककै समस्या भयो । सामान जुटाउन पनि गाह्रो भयो । दैनिक जीवनमा नभई नहुने साबुन किन्नु भन्दा आफैंले बनाउन सके फाइदा हुन्छ', नागरिक सचेतना केन्द्रकी संयोजक अन्नपूर्णेश्वरी श्रेष्ठले भनिन् ।

नागरिक सचेतना केन्द्रकी सदस्य हेरादेवी महर्जनले भनिन्, 'हामीले यो तालिम लिइसकेपछि आफूलाई चाहिने जति साबुन आफैं उत्पादन गर्न सक्छौं । सीपको उपयोग र फाइदा पनि हुन्छ ।'

तालिम लिएका नागरिक सचेतना केन्द्रका अर्का सदस्य रविना कपालीले खुसी व्यक्त गर्दै भनिन्, 'यो तालिम लिन पाउँदा धेरै खुसी लागेको छ । कतिले साबुन बनाएर आफैं बेच्न थालेका छन् । कतिले आफ्नै लागि मात्र बनाउँछन् । जे होस् राम्रै छ । यस्तै अरु सीपमूलक तालिमहरूको आशा गरेका छौं ।' ●

# ब्युटिसियन तालिम

काठमाडौं : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालित काठमाडौं महानगरपालिकाको वडा नं. ५ मा वडा नागरिक मञ्चका संयोजक सकुन्तला घिमिरे र सामाजिक परिचालक श्रुति गुरागाईंको प्रयासमा तीनमहिने ब्युटिसियन तालिम सम्पन्न भएको छ ।

तालिममा स्थानीय ब्युटिसियन सुमित्रा प्रजापती र सम्पदा भुसालले सहजीकरण गरेका थिए । ०७३ फागुनदेखि ०७४ बैशाखसम्म सम्पन्न तालिममा स्थानीय ५५ महिलाको सहभागिता थियो । सौन्दर्य क्षेत्रमा स्थानीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले उक्त तालिम सञ्चालन गरेको हो । कलाकार बसुन्धरा भुसाल र काठमाण्डौं महानगर पालिका सामाजिक विकास विभागका महाशाखा प्रमुख युवराज खनालद्वारा तालिमको उद्घाटन गरेका थिए । कलाकार भुसालले वडा नागरिक मञ्चको कामको प्रसंशा गरेकी थिइन् । 'वडामा यस्ता कार्यक्रम आएको यो पहिलोपटक हो । धेरै राम्रो कार्यक्रम ल्याइएको छ । म  दिदीबहिनीलाई शुभकामना दिन्छु', उनले भनिन् ।

वडा नागरिक मञ्चका सक्रिय संयोजक शकुन्तला घिमिरेले भनिन्, 'तालिममा दिदीबहिनीहरू उत्साहित भएर सिकेका छन् । विशेषगरी शहरी भेगमा सौन्दर्य अति नै महत्वपूर्ण छ । कामकाजी तथा गृहिणीहरूलाई ब्युटीपार्लर जाने समय हुँदैन । जान भ्याउँदा पनि बढी खर्चिलो हुन्छ । आफैँले सीप सिके आफू र छिमेकीलाई पनि फाइदा हुन्छ,' उनले भनिन्, 'मैले तपाईंहरूको उन्नतिका लागि धेरै धाएर यो तालिम ल्याउन सफल भएँ । बजेट उपलब्ध गराएकोमा महानगरपालिकालाई धन्यवाद । अझ एडभान्स कोर्स पनि ल्याउने कोसिसमा छु । त्यसका लागि महानगरले अवश्य साथ दिनेछ भन्ने आशा लिएको छु ।' ●

# जनप्रतिधिहरूसँग..

राष्ट्रिय गानबाट सुरु भएको अन्तर्क्रिया कार्यक्रममा शिवपुरी सामजिक परिवारका सचिव उर्गेन तामाङले भने, 'समाजमा भएका सबै समस्याहरूलाई निराकरण गर्न मिलेर काम गरिरहेका छौं । वचत, ऋण परिचालन, सरसफाई र बाटो मर्मतसंभार गर्ने काम सामाजिक परिवारबाट भइरहेको छ । म तराई-मधेश भ्रमणमा गएको थिएँ । त्यहाँका मान्छे गरिब भए पनि उनीहरूले मिलेर काम गरेका छन् ।'

बागद्वार सामाजिक परिवारका कोषाध्यक्ष शोभा खत्रीले भनिन्, 'यहाँ वन्यजन्तुको समस्या छ। बेरोजगारीको समस्या छ। त्यसैले आयआर्जन र सीपमूलक तालिम हामीलाई चाहियो । यस विषयमा निर्वाचित वडा अध्यक्षज्यूले ध्यान दिनुहुनेछ भन्ने आशा लिएको छु ।'



वडाध्यक्ष राम मानन्धरले सहभागीहरूले उठाएको विषयलाई सम्बोधन गर्दै आफ्नो भावी योजनाबारे जानकारी गराउँदै भने, 'ओखेनी गाउँ दुर्गम र पिछडिएको छ । यहाँसम्म बस सञ्चालनको प्रयासमा छु । यहाँको वातावरण चिसो भएकोले कृषि उत्पादन ढिलो हुन्छ । कृषि कार्यक्रमबाट 'टनेल' निर्माण गरी आधुनिक तरकारी खेती गरी यहाँको आम्दानी वृद्धि गर्न सकिन्छ । यहाँ तामाङको बाहुल्य छ त्यसैले बुद्धको माने निर्माण गर्न म सहयोग गर्नेछु ।'

कार्यक्रम समापन गर्दै शिवपुरी दीपज्योति सामाजिक परिवारका अध्यक्ष कृष्णकुमारी तामाङले भनिन्, 'ओखनीमा जडिबुटीको संभावना छ त्यसलाई सम्वर्द्धन गर्नुपर्छ । हामी सामाजिक परिवारमा आवद्ध भएपछि अन्यत्रको देखेर पनि काम गर्ने प्रेरणा मिलेको छ । सामाजिक परिवारको माध्यमबाट महिलाको विकासमा टेवा पुग्ने विश्वास लिएको छु ।' ●

# नयाँ संविधानसम्बन्धी जानकारी

***संविधानसभाले २०७२ असोज ३ गते नयाा संविधान जारी गऱ्यो । यो संविधानका ३५ भाग, ३०८ धारा र ९ वटा अनुसूची छन् । भाग ३ मा मौलिक हकको व्यवस्था छ, जुन धारा १६ देखि ४६ सम्म लिपिबद्ध छन् ।***



**२५. सम्पत्तिको हक** : (१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिको आयमा कर लगाउन सक्नेछ ।

***स्पष्टीकरण*** : यस धाराको प्रयोजनका लागि "सम्पत्ति" भन्नाले चल अचल लगायत सबै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले बौद्धिक सम्पत्ति समेतलाई जनाउँछ ।

(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन । (३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन । (५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।

**२६. धार्मिक स्वतन्त्रताको हक** : (१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठीसञ्चालन र संरक्षण गर्ने हक हुनेछ । तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानून बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन । (३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

**२७. सूचनाको हक** : प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

**२८. गोपनीयताको हक** : कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।

**२९. शोषण विरुद्धको हक** : (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । (३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । (५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**३०. स्वच्छ वातावरणको हक** : (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ । (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । (३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

**३१. शिक्षासम्बन्धी हक** : (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । (३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**३२. भाषा तथा संस्कृतिको हक** : (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ । (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ ।

**३३. रोजगारीको हक** : (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ । (२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । ●

# उत्कृष्ट किसान बनिन् मुना

बिहेअघि माइतमा मेरो नाम पेमा डोल्मा तामाङ थियो । स्कुल जान थालेपछि म मुना तामाङ भएँ । खत्रीसँग माया बस्यो । अनि बिहे भयो । त्यसपछि घरको भयो- मुना खत्री । मेरो जन्म चाहिँ काभ्रेको तत्कालीन मेच्छे गाविस वडा नं ८ मा भएको थियो- २०४६ साल पुस ८ गते । बुवाको नाम धनबहादुर र आमाको नाम चितमाया तामाङ हो ।

माइतीको आर्थिक अवस्था मध्यम थियो । म तामाङकी छोरी । गाउँकै कालीदेवी प्रगतिशील प्राविबाट कक्षा ५ उत्तीर्ण गरेँ । गाउँमा निमावि थिएन । अनि काठमाडौंको सामाखुसी आएँ- कक्षा ६ पढ्न । मनोहर माविमा कक्षा ६ मा भर्ना भएँ । यही स्कुलबाट एसएलसी उत्तीर्ण गरेँ ।

त्यसपछि उच्चमावि पढ्न पनि त्यसै विद्यालयमा भर्ना भएँ । मेरा श्रीमान रामकाजी पनि ११ कक्षामा त्यही विद्यालयमा भर्ना हुन आउनुभयो । पढाइको सिलसिलामा हामीबीच माया बस्यो । प्रेम विवाह भयो- अन्तर जातीय विवाह । म तामाङकी छोरी, पति खत्री (क्षत्री) को छोरा । 'उच्च जात' सँग विवाह गरेपछि समाजमा घुलमिल हुनै गाह्रो भइरहेको थियो । यसैबीच मेरो एउटा छोरा जन्मियो । त्यसपछि घरपरिवारले पनि स्वीकार्नुभो ।

छोरा नजन्मिदासम्म म काठमाडौंमा केही व्यवसाय गर्थें । छोरा जन्मेपछि मलाई पनि अलि सन्तोष भो । शायद्, आफ्नो रगतको नाताले पनि होला, घरपरिवारले स्वीकार्न बाध्य भयो । त्यसपछि श्रीमान्ले घर लैजानुभयो । घर त गएँ तर म तामाङकी छोरी ! राम्रोसँग नेपाली भाषा बोल्न पनि जान्दैनथेँ । बाहुनक्षेत्रीसँग रहनसहन नमिलेर म कागको हुलमा बकुल्लोजस्तै थिएँ ।

म घर गरिखाने ध्याउन्नमा थिएँ । त्यसैताका दलभञ्ज्याङमा गाउँका महिलाहरू जम्मा भएको देखेँ । चासो जाग्यो- के गर्न भेला भएका होलान् ? छिमेककी सासू पर्ने एक



**मुना केसी, सदस्य, कामधेनु सामाजिक परिवार**

जनालाई सोधेँ- केको बैठक भनेर । उहाँले भन्नुभयो, 'समग्र विकास सेवा केन्द्रले बनाएको सामाजिक परिवारको बैठक हो । जान मन भए तिमी पनि गए हुन्छ ।' त्यस सामाजिक परिवारको अध्यक्ष नै उहाँ हुनुहुँदोरहेछ- पदमकुमारी खत्री । मलाई भन्नुभयो, 'तिमी पनि हाम्रो बुहारी हौ । तिमी पनि सामाजिक परिवारमा बस्ने हो भने समग्र विकास सेवा केन्द्रका सरलाई सोध र सदस्य बन ।'

त्यसपछि म गोरखाबजार जाँदा समग्र विकास सेवा केन्द्रको कार्यालय गएँ । भरत (श्रेष्ठ) सरसँग भेट गरेँ । उहाँले समग्र विकास सेवा केन्द्रको जानकारी दिनुभो । सामाजिक परिवारको काम र कर्तव्यबारे बताउनुभयो । मलाई 'सामाजिक परिवार' साह्रै मन पर्‍यो । अनि सबै दिदीबहिनीको सहमतिमा २०६८ साल साउन ५ गते सामाजिक परिवारमा आबद्ध भएँ ।

म सामाजिक परिवारको प्रत्येक महिनाको बैठकमा उपस्थित हुनेगर्छु । मेरो परिवार कृषिमा आश्रित छ । मलाई पनि तरकारी खेती गर्ने इच्छा जाग्यो । सामाजिक परिवारबाट पाँच हजार रुपैयाँ ऋण रकम लिएँ । तरकारी खेती थालेँ । कृषि कार्यालयमा गएर गोलभेडाको बीऊ लिएँ । प्लास्टिकको 'टनेल' बनाएँ । अनि गोलभेंडा खेती थालेँ । मेरो गोलभेडा खेती गोरखा जिल्लाकै नमूनाका रूपमा चिनिन थाल्यो । त्यसपछि कृषि कार्यालयबाट उत्कृष्ट कृषकमा छानिएँ । अनि पुरस्कृत पनि भएँ- रु. ४० हजार (नगद) अनुदान र प्रमाणपत्रसहित ।

मेरो गोलभेंडा खेतीको चर्चा गोरखा जिल्लाभरि भयो । प्रमुख जिल्ला अधिकारी स्वयम् पनि गोलभेडा खेती हेर्न आउनुभयो । 'टनेल' लाई आवश्यक थोपा सिंचाइको लागि ड्रम र पाइप, डाँठपात काट्ने कैंची जस्ता गरी करिब एक लाख बराबरको सामान अनुदानस्वरुप प्राप्त गरेकी छु ।

गोरखा जिल्लामै थोपा सिंचाइ गर्ने पहिलो समूह कामधेनु सामाजिक परिवारको सदस्यको रूपमा परिचित छु । मेरो घरपरिवार पनि कृषि पेशामा संलग्न छ । मेरो ससुरा जेटिए हुनुहुन्छ । त्यसले गर्दा पनि म सफल हुन सकेकी हुँ । अहिले म वर्षको दुई-तीन लाखसम्मको गोलभेंडा बिक्री गर्छु ।